# नेपाल राजपत्र


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं, वैशाख ३ गते२०५२साल (अतिरिक्ताङ्क १(क)


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी मित्रराष्ट्र चीन र मित्रराष्ट्र मंगोलियाको औपचारिक भ्रमणका सिलसिलामा २०५२ साल वैशाख ३ गते त्यतर्फ जानु भएकोले उहांको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने कार्यहरूका साथै उहाँले सम्हाली आउनु भएको राजदरवार सम्बन्धी कार्यभार समेत सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय उप-प्रधानमन्त्री तथा रक्षा र परराष्ट्र मन्त्री श्री माधव कुमार नेपालले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय निर्माण तथा यातायात राज्यमन्त्री श्री अशोककुमार राई सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीको मित्रराष्ट्र चीन र मित्रराष्ट्र मंगोलियाको औपचारीक भ्रमणका क्रममा भ्रमण दलमा सम्मिलित भई २०५२ साल वैशाख ३ गते त्यसतर्फ जानु भएकोले उहांको अनुपस्थिमा उहाँले सम्हाली आउनु भएको निर्माण तथा यातायात मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय कानून, न्याय तथा संसदीय व्यवस्था र सामान्य प्रशासन मन्त्री श्री सुवासचन्द्र नेम्वाङ्गले सम्हाल्नु हुनेछ ।

हुकूम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव


मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।